प्रदेश सरकार

# प्रदेश योजना आयोग

प्रदेश नं. ५, बुटवल

प.सं.२०७६/७७ ***प्रथम पटक प्रकाशित मितिः २०७६/०७/०८***

## आशय पत्र माग गरिएको सूचना!

यस प्रदेशको ***"लुम्बिनी प्रादेशिक अस्पतालको सुधारको लागि गुरु योजना (Master Plan) तयार गर्नुपर्ने भएकाले"*** सो कार्यको लागि देहायको योग्यता पुगेका इच्छुक फर्म, संस्था वा कम्पनीबाट निम्नानुसार कागजातहरु सहित रीतपूर्वक आशय पत्र ( Expression of Interest) पेश गर्न सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३० बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

***क) कामको सामान्य विवरणः***

स्वीकृत विस्तृत कार्यविधि (ToR) बमोजिम प्रदेश नं. ५ को लुम्बिनी प्रादेशिक अस्पतालको सुधार गर्नको लागि गुरु योजना तयार गरी यस आयोगमा पेश गर्ने ।

**विद्यमान गुरु योजना (Master Plan) पुनरावलोकन गरी लुम्बिनी प्रादेशिक अस्पतालको समग्र गुरु योजना (Master Plan) को तयारी (विद्यमान भवनहरूको पुनः प्रयोग योजना, अस्पतालको सुविधा सम्पन्न नयाँ भवनहरुकको निर्माण, सीमा पर्खाल (Compound Wall), अस्पतालको फोहोर व्यवस्थापन प्रणाली, आवास भवन, सुरक्षा भवन, बगैंचा, सवारी साधन पार्किङ्ग, आदि) गर्ने ।**

***ख) आवश्यक न्युनतम योग्यताः***

१. फर्म, संस्था वा कम्पनी विधिवत रुपमा दर्ता भई कानूनी मान्यता प्राप्त गरेको हुनु पर्नेछ ।
२. आवेदक फर्म, संस्था वा कम्पनीसँग अस्पतालको गुरु योजना (Master Plan) निर्माण सम्वन्धमा कम्तीमा ७ वर्षको अनुभव भएको हुनु पर्नेछ ।
३. जनशक्ति उपलव्धताः
   - क. टिम लिडर- १ जनाःआर्किटेक्चर, सिभिल इन्जिनियर वा शहरी विकास विषयमा स्नातकोत्तर गरी अत्याधुनिक अस्पतालको आर्किटेक्चर डिजाईनमा नेतृत्वदायी भूमिका निर्वाह गरेको
   - ख. सदस्यहरु-७ जनाः सम्वन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण भई कम्तिमा ५ वर्ष काम गरेको अनुभव भएका (स्टक्चरल इन्जिनियर-१, आर्किटेक्चर-१, जनस्वास्थ्य विशेषज्ञ-१, वातावरणविद्-१, अर्थशास्त्री-१, सिभिल इन्जिनियर-१, Heat Vantilation and Air Conditioning विज्ञ-१
   - ग. ड्राफ्ट पर्सन-१
   - घ. कम्प्युटर अपरेटर-१

***ग) आशय पत्रसाथ पेश गर्नुपर्ने कागजातहरुः***

१. आशय पत्र सम्वन्धी आवेदन ।
२. फर्म, संस्था वा कम्पनी दर्ता तथा नविकरण प्रमाण पत्र ।
३. फर्म, संस्था वा कम्पनीको VAT/PAN दर्ता तथा कर चुक्ता प्रमाण पत्र ।
४. फर्म वा संस्थाको हकमा विधान र कम्पनीको हकमा प्रवन्ध पत्र र नियमावली ।
५. दुई वा दुईभन्दा बढी फर्म, संस्था वा कम्पनीले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म, संस्था वा कम्पनीको नाम, ठेगाना तथा माथि उल्लेखित विवरण साथै मुख्य भई काम गर्ने फर्म, संस्था वा कम्पनीको नाम ।
६. विगत ७ वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण ।
७. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।
८. फर्म, संस्था वा कम्पनीको भौतिक सम्पत्ति विवरण ।
९. सम्पर्क व्यक्ति र ठेगाना (फोन नं. र ई-मेल समेत) ।

*घ) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र प्रदेश योजना आयोगमा रीतपूर्वक आशय पत्र दर्ता गर्नु पर्नेछ। अन्तिम दिनमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट दर्ता गर्न सकिनेछ ।ढिला गरी प्राप्त भएका र रीत नपुगेका आशय पत्र उपर कुनैपनि कारवाही गरिने छैन साथै विद्युतीय सञ्चार माध्यमबाट प्राप्त भएका आशय पत्रहरुलाई मान्यता दिईने छैन ।*

*ङ) समय सीमाभित्र रीतपूर्वक दर्ता हुन आएका आशय पत्रदाताहरु मध्ये संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीहरुबाट गुरु योजना निर्माणका लागि आर्थिक र प्राविधिक प्रस्ताव माग गरी संस्था छनौट गरिनेछ ।*

*च) संक्षिप्त सूचीमा परेका सेवा प्रदायकहरुको लागि मात्र विस्तृत आर्थिक तथा प्राविधिक प्रस्ताव (RFP) जारी गरिनेछ ।*

*छ) छनौट प्रक्रिया कारण देखाइ वा नदेखाइ कुनै पनि समय रद्द गर्न सकिनेछ । यसमा नपरेका अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछन् ।*

*ज) आशय पत्र सम्वन्धी अन्य कुराहरु बुझ्नुपरेमा कार्यालय समयमा प्रदेश योजना आयोगको ०७१-५६०६२२मा सम्पर्क गर्न सकिनेछ ।*